# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४० | काठमाडौं | शनिबार, १६ पुस २०७९ | Prabhab National Daily | Saturday, December 31, 2022 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-


# अस्ताए फुटबलका सम्राट



**काठमाडौं (प्रस)–** तीन पटकको विश्वकप विजेता ब्राजिलका फुटबल खेलाडी पेलेको बिहीबार राति ८२ वर्षको उमेरमा निधन भएको छ । साओपाउलोस्थित अल्बर्ट आइन्स्टाइन अस्पतालले एक विज्ञप्ति जारी गर्दै क्यान्सरसँग लामो संघर्षपछि उनको मृत्यु 'मल्टिपल अर्गन फेलियर' का कारण भएको जनाएको छ ।

'हामी तिमीलाई असीम प्रेम गरिरहनेछौं,' पेलेकी छोरी केली नासिमेन्टोले मृत्युको पुष्टि गर्दै इन्स्टाग्राममा लेखेकी छन् । उनको पूर्वटोलीका साथीहरूदेखि वर्तमान फुटबल स्टारहरूसम्मले उनको निधनप्रति दुःख व्यक्त गर्दै उनीप्रति श्रद्धासुमन व्यक्त गरेका छन् । पेलेले लामो व्यावसायिक जीवनको दौडान समग्र फुटबल खेललाई नै रूपान्तरण गरेका थिए ।

ब्राजिलका स्टार नेयमार डा सिल्भा सान्तोस जुनियर (नेयमार) ले पेलेप्रति सम्मान व्यक्त गर्दै 'फुटबललाई कलामा परिणत गरेको' बताएका छन् । फ्रान्सका केलियन एमबाप्पेले उनको विरासतलाई

'कहिल्यै नबिर्सने' बताएका छन् । पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले उनलाई ' लाखौंका लागि प्रेरणा' भनेका छन् ।

अर्जेन्टिनाका विश्वकप विजेता कप्तान लियोनल मेस्सीले सामाजिक सञ्जालमा उनको आत्मको शान्तिका लागि प्रार्थना गरेका छन् । ब्राजिलका राष्ट्रपति जायर बोल्सोनारोले महान् फुटबलरको निधनपछि तीन दिनको राष्ट्रिय शोकको घोषणा गरेका छन् भने नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले ट्वीट गर्दै पेलेले राष्ट्रका लागि सन् १९५८, १९६२ र १९७० मा तीन पटक विश्वकप जिताएको स्मरण गर्दै उनीप्रति श्रद्धा व्यक्त गरेका छन् ।

मिर्गौलाको समस्या र कोलोन क्यान्सरसँग जुधिरहेका उनको स्वास्थ्य अवस्था नाजुक बन्दै गएपछि सन् २०२१ को सेप्टेम्बरमा उनको शल्यक्रिया गरिएको थियो भने त्यसपछि केमोथेरापी गरिँदै आएको थियो । पेलेको पूर्वक्लबकाअनुसार सोमबार क्रिश्चियन परम्पराअनुसार 'वेक' हुनेछ र त्यसपछि मंगलबार दक्षिणपूर्वी सहर सान्तोसमा अन्त्येष्टि हुनेछ । पेलेले आफ्नो करिअरको अधिकांश समय सान्तोसमा खेलेर बिताएका थिए ।

महान् फुटबलर पेलेका समर्थकहरूले फूलहरू चढाउन सान्तोसस्थित रंगशालामा भेला भएका छन् भने सहरमा सात दिनको शोकको घोषणा गरिएको छ । उनी तीन पटक विश्वकप फुटबल उपाधि जित्न सफल एक मात्र खेलाडी हुन् । गत नोभेम्बर महिनामा अस्पतालबाट बोल्दै उनले आफ्ना प्रशंसक र दीर्घायुका लागि ईश्वरलाई धन्यवाद दिएका थिए । उनको जन्म सन् १९४० मा दक्षिणपूर्वी ब्रजिलमा एउटा गरिब परिवारमा भएको थियो । तर, उनले आफ्नो प्रतिभा र अद्भूत क्षमताका कारण फुटबल जगत्मा अमर रहने छन् ।

सन्दर्भ : वैदेशिक रोजगार

# 'नो रेमिटचान्स' अभियानले रोक्यो 'एमडिएमएस'

■ प्रभाव संवाददाता

- नेपाली श्रमिकले विदेशबाट फर्कंदा ल्याउन पाउने मोबाइलका सम्बन्धमा गरिएको यसअघिको सरकारको निर्णय कार्यान्वयन नगर्न प्रधानमन्त्री दाहालको निर्देशन
- एमडिएमएस कार्यान्वयनमा ल्याउँदा मुलुकको अर्थतन्त्र धान्दै आएको विप्रेषण आप्रवाह नै प्रभावित हुने संकेत
- एमडिएमएस स्थगन भएको प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनालद्वारा जानकारी

**काठमाडौं–** नेपाल दूरसञ्चार प्राधिकरणले शुक्रबार (पुस १५) देखि लागू गर्ने भनिएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) तत्कालका लागि रोकिएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको विरोधपछि प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनमा उक्त प्रणाली तत्काललाई रोकिएको हो ।

प्राधिकरणले अवैध फोन नियन्त्रण गर्ने भन्दै पुस १५ देखि एमडिएमएस पूर्ण कार्यान्वयनमा ल्याउने तयारी गरेको थियो । उक्त प्रणाली लागू भएपछि विदेशबाट आउने व्यक्तिले एउटामात्र मोबाइल फोन ल्याउन पाउने र उक्त फोन पनि एमडिएमएसमा दर्ता गर्नुपर्ने व्यवस्था गरिएको थियो । एकभन्दा बढी मोबाइल ल्याए भन्सार तिर्नुपर्ने भन्दै कडाइ गरिएको थियो । उक्त निर्णयको चौतर्फी विरोध भयो । विशेषगरी वैदेशिक रोजगारीबाट फर्कने नेपालीहरूले अनावश्यक झण्झट बेहोर्नुपर्ने र आफन्तलाई उपहारस्वरूप मोबाइल ल्याउन नपाउने भएपछि विरोध गरेका हुन् ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले पठाउने रेमिटचान्स चल्ने तर व्यक्तिगत प्रयोगका लागि मोबाइल ल्याउन नपाउने ? भन्दै आक्रोश व्यक्त गरेका थिए। विश्वभरबाट सामाजिक सञ्जालमार्फत उनीहरूले 'नो रेमिटचान्स' अभियान नै चलाएका थिए । वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाउने रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र धानिरहेको सन्दर्भमा ' नो रेमिटचान्स' अभियान चलाइनु गम्भीर समस्या हुने बुझेपछि सरकार एमडिएमएस कार्यान्वयनमा ल्याउनबाट पछि हटेको हो । साथै, व्यवसायीहरूको लाभका लागि उक्त प्रणाली लागू गरिएको आरोप पनि प्राधिकरण र सरकारमाथि लागेको थियो ।

सामाजिक सञ्जालमा चर्को आलोचना भएपछि प्रधानमन्त्री दाहालले शुक्रबार उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेललाई तत्काल उक्त निर्णय कार्यान्वयन नगर्न निर्देशन दिएका थिए । प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माका अनुसार नेपाली श्रमिकले विदेशबाट फर्कंदा ल्याउन पाउने मोबाइलका सम्बन्धमा गरिएको यसअघिको सरकारको निर्णय कार्यान्वयन नगर्न प्रधानमन्त्रीले निर्देशन दिएका थिए ।

प्रधानमन्त्रीको निर्देशनलगत्तै प्राधिकरणले पनि उक्त निर्णय तत्कालका लागि स्थगित भएको र विदेशबाट आउनेले थप एउटा मोबाइल ल्याउन पाउने व्यवस्था कायमै रहेको जनाएको छ । (**बाँकी पृष्ठ ३ मा**)



**ल्होसारै आशिमलाँ** | तमू ल्होसारको अवसरमा शुक्रबार काठमाडौंमा आयोजित झाँकीमा गुरुङ महिलाहरू नृत्य प्रस्तुत गर्दै । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# पर्यटन क्षेत्रमा उत्साह

■ सिबी अधिकारी

**काठमाडौं–** नयाँ वर्ष सन् २०२३ को आगमनसँगै मुलुकको पर्यटन क्षेत्रमा नयाँ उत्साह थपिएको छ । कोभिड-१९ महामारीले थलिएको पर्यटन क्षेत्र विस्तारै लयको बाटोमा रहेको छ । पर्यटन पुनरुत्थानको दिशामा रहेको पर्यटन क्षेत्रमा नयाँ वर्षले उत्साह छाएको छ । त्यसो त, नयाँ वर्ष पर्यटन क्षेत्रका लागि उत्सवकै रूपमा लिइन्छ । यो अवसरमा आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्ने भएकाले व्यवसायीमा पनि सकारात्मक आशा जगाउने गरेको छ ।

होटल संघ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले नयाँ वर्षको पूर्वसन्ध्यामा पर्यटन क्षेत्रमा चहलपहल र गतिविधि बढेको बताए । 'नयाँ वर्षको पूर्वसन्ध्यामा पर्यटनमा चहलपहल बढेको छ । आन्तरिक पर्यटकको चाप छ । ठमेल, पोखरा, सौराहा, लुम्बिनी, भेडेटारलगायत क्षेत्रमा 'न्यू इअर इभ' कार्यक्रम आयोजना गरिएको छ, यसले पर्यटनलाई थप चलायमान बनाएको छ,' उनले भने ।

होटलको बुकिङ पनि उत्साहवर्द्धक रहेको उपाध्यक्ष शाहको भनाइ छ । सन् २०२२ मा २५ लाख पर्यटक धान्ने होटलको क्षमता रहेको छ । चिनियाँ पर्यटक आउने वातावरण बनेको खण्डमा विदेशी पर्यटक बढ्ने उनको विश्वास छ । सरकारी तथ्यांकमा मुलुकभर एक हजार १०० होटल छन् । हानको विवरणमा सबैखाले होटल गरी चार हजार छन् ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष नीलहरि बास्तोला पनि नयाँ वर्ष पर्यटनमा आशा जगाउने वर्ष हुने भएकाले महामारीपछिको पर्यटनलाई पुनरुत्थानको गतिमा हौसला प्रदान गर्न मद्दत पुग्ने विश्वास व्यक्त (**बाँकी पृष्ठ २ मा**)




# 'गौरवशाली परम्परालाई सबैले सम्मान गर्नुपर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले तमू समुदाय र पुर्खाहरूले आफ्नो वीरतामार्फत् आर्जन गरेको गौरवशाली परम्परालाई सबैले सम्मान गर्नुपर्ने बताएका छन् । तमू हचुल छोंजो धिं गुरुङ राष्ट्रिय परिषद्ले शुक्रबार राजधानीको टुँडिखेलमा आयोजना गरेको 'तमू ल्होसार-२०७९' समारोहलाई सम्बोधन गर्दै उनले तमू समुदायको आफ्नो मौलिक र ऐतिहासिक पहिचान स्थापित रहेको बताए ।

'आफ्नो इमान्दारिता, लगन, निष्ठा र मिहेनत, आफ्नो वीरता र बलिदानको कीर्तिमानका कारण तमू समुदाय नेपाली मात्रमा गर्वको एउटा पहिचान भएको छ भने विश्वभरका लागि इमान्दारिता, पारदर्शिता, निष्ठा, त्याग, बलिदान र समर्पणको पर्यायका रूपमा स्थापित छ,' उनले भने । ल्होसार पर्व तमू समुदाय मात्र नभई सम्पूर्ण नेपालीले गर्व गर्ने पर्वका रूपमा रहेको उनको भनाइ थियो ।

तमू ल्होसारको सम्मान र सहानुभूतिका निम्ति सरकारले दिने आर्थिक सहयोग रोकिएकोप्रति आफ्नो ध्यानाकर्षण भएको जनाउँदै उनले आफूले सरकारी सहयोग विगतमाभन्दा बढाउने घोषणासमेत गरे । 'तमू ल्होसार निम्ति विगत सरकारले पनि सम्मान र सहानुभूतिस्वरूप आर्थिक सहयोग गर्दै आएको मलाई थाहा छ, म पनि दोस्रो चोटि प्रधानमन्त्री हुँदा मैले बोलेको थिएँ,' प्रधानमन्त्री दाहालले भने, 'तर, मैले प्रधानमन्त्री छोडेपछि त्यो आर्थिक सहयोग भएन भनेर मलाई सुनाउनुभयो । यो पटक अहिलेसम्म दिइएको भन्दा बढी रकम दिइनेछ ।'

नेपाल बहुजातीय, बहुभाषिक, साँस्कृतिक विविधताले भरिएको मुलुक भएको जनाउँदै प्रधानमन्त्री दाहालले विविधतामा एकता नै नेपालीको पहिचान भएको बताए । 'परापूर्वकालदेखि यस भूखण्डमा विभिन्न जातजाति, भाषाभाषी, संस्कृतिको सम्मीश्रणद्वारा नै नेपालको समग्र राष्ट्रिय पहिचान बनेको छ,' उनले भने, 'सबै जातजाति, भाषाभाषी, वर्ग र समुदायको असली पहिचानमा नै नेपालको राष्ट्रिय पहिचान अन्तरनिहित छ ।'

बाघ वर्गको विदाइ र बिरालो वर्गको स्वागतका रूपमा गुरुङ समुदायले शुक्रबार देशभर हर्षोल्लासका साथ ल्होसार पर्व मनाएका छन् । उक्त अवसरमा गुरुङ समुदायले विभिन्न झाँकी प्रदर्शन गरेका थिए । टुँडिखेलमा गुरुङ भेषभूषासहित युवायुवतीको बाक्लो उपस्थिति थियो । कार्यक्रमपरिसरमा गुरुङ समुदायको खानाको परिकार तथा विभिन्न परम्परागत वस्तुहरूको प्रदर्शनीसमेत राखिएको थियो ।

प्रहरी कर्मचारीलाई गृहमन्त्रीको निर्देशन

# नागरिकमैत्री सेवा प्रवाहमा जिम्मेवार बन्नू

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले नागरिकमैत्री सेवा प्रवाहमा जिम्मेवार भएर काम गर्न प्रहरी कर्मचारीहरूलाई निर्देशन दिएका छन् । शुक्रबार प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नेक्रममा उनले प्राप्त जिम्मेवारी उत्कृष्ट ढंगले सम्पादन गर्न आग्रह गरे । प्रहरी कर्मचारीको मनोबल उच्च पारी नागरिकमैत्री प्रहरी सेवा प्रवाह गर्ने वातावरण सिर्जना गराउन तालुक मन्त्रालयबाट सहयोग र सहजीकरण गर्न सदैव तत्पर रहने प्रतिबद्धतासमेत उनले व्यक्त गरे ।



गृहमन्त्री लामिछानेले सर्वसाधरणको प्रहरी सेवामा सहज पहुँचको व्यवस्था र दण्डदहीनताको अन्त्यको साथै भ्रष्टाचारमा शून्य सहनशीलताको नीति व्यवहारमा लागू गर्नसमेत निर्देशन दिए । उनले गुण्डागर्दी, सीमा क्षेत्रमा हुने भन्सार छली, तस्करी तथा अन्य अनियमितता, लागुऔषध बिक्री वितरण र सेवनलाई पूर्णतः निस्तेज पार्न विशेष कार्ययोजना बनाई कार्यसम्पादन गर्न निर्देशन दिए । कानुन कार्यान्वयनको सिलसिलामा कसैको दबाब र प्रभावमा नपरी निष्पक्ष र पारदर्शी भई कानुनले दिएको अधिकार पूर्ण प्रयोग गर्न पनि उनले आग्रह गरे ।

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतले गृहमन्त्री लामिछानेलाई स्वागत गरेका थिए । निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालयस्थित पोलीग्राफ विभाग र डेटा सेन्टरको निरीक्षण गर्नुका साथै त्यससम्बन्धी गतिविधिबारे जानकारी लिएका थिए ।

सोही अवसरमा उनले नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले तयार पारेको 'सेवा प्रतिको सन्तुष्टि र कार्यसम्पादनमा प्रभाव पार्ने तत्त्व : नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतको मामला अध्ययन' र 'नेपाल प्रहरीमा युवाको आकर्षण र विकर्षणको अवस्था विषयक' छुट्टाछुट्टै अध्ययन प्रतिवेदन सार्वजनिक गरे ।

# १५ लाख डोज बुस्टर खोप ल्याउँदै सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमणको सम्भावित जोखिमलाई मध्यनजर गर्दै अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि खोप ल्याउने भएको छ । छिमेकी मुलुकहरूमा कोरोना भाइरसका संक्रमण तीव्र बनेपछि सरकारले थप खोप ल्याउने प्रक्रिया सुरु गरेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुस्टर डोजका लागि खोप ल्याउन 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स ' गाभी'लाई पत्र लेखेको छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको खोप शाखाका प्रमुख सागर दाहालले बिहीबार १५ लाख खोपका लागि 'गाभी'लाई पत्र पठाइएको जानकारी दिए ।

गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई खोप उपलब्ध गराउनेछ । 'कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि बुस्टर खोप लगाउन खोप ल्याउनका लागि हिजो कोभ्याक्सलाई पत्र लेखेका छौं,' उनले भने, 'यही पुसको तेस्रो हप्तामा कोभ्याक्सले खोप पठाउने जानकारी दिन्छ ।'

उनले खोपबारे जानकारी प्राप्त भइसकेपछि चाँडै नै खोप नेपाल ल्याउने बताए । सरकारले बुस्टर डोजका लागि मात्र प्रयोग हुने फाइजर खोप ल्याउन थालेको हो । औषधि व्यवस्था विभागले बुस्टर डोजका लागिमात्र प्रयोग गरिने भएकाले 'आकस्मिक अनुमति प्रयोग' पत्र दिएपछि खोप शाखाले कोभ्याक्सलाई पत्र पठाएको हो ।

विभागका प्रवक्ता सन्तोष केसीले बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले परिवार कल्याण महाशाखाको खोप शाखालाई अनुमतिका लागि पत्र दिएको जानकारी दिए । 'बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले विभागले अनुमति दिएको हो,' उनले भने, 'बुस्टर डोजका लागि ल्याउन थालेको खोप नियमित खोपभन्दा फरक भएकाले अनुमति दिनुपरेको हो ।'

छिमेकी मुलुक भारत र चीनमा 'बिएफ-७' नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ । यस्तै मन्त्रालयले संक्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुनपानीले हात धुन वा सेनिटाइजर नियमित प्रयोग गर्नसमेत आग्रह गरेको छ ।

## पर्यटन क्षेत्रमा...

पृष्ठ १ बाट जारी

गर्छन् । 'नयाँ वर्षको बहारसँगै पर्यटन क्षेत्रमा यसले सकारात्मक उत्साह जगाएको छ,' उनले भने, 'आन्तरिक मात्र हैन विदेशी पर्यटक पनि उल्लेख्य संख्यामा आउने भएकाले पर्यटन व्यवसायीमा पनि हौसला बढेको छ । सन् २०२३ नेपालसहित विश्व्यापीरूपमै घुमफिर वर्ष नै हुन्छ होला ।' पछिल्लो समय विदेशी पर्यटक आगमन दरलाई हेर्दा विदेशी पर्यटक निकै बढ्ने अनुमान गरिएको अध्यक्ष बास्तोलाले बताए ।

नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२२ को ११ महिनामा पाँच लाख ४६ हजार ३४२ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको संख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । तर सन् २०२० मा कोरोना महामारीले विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजारमा खुम्चिएको थियो । त्यसैगरी २०२१ मा एक लाख ५० हजार ९०० पर्यटक नेपाल आएका थिए । जुन सन् २०२० को तुलनामा ३४.४ प्रतिशतले कमी हो ।

पयर्टन बोर्डका निर्देशक मणिराज लामिछानेले मुलुकको पर्यटन विस्तारै लयमा फर्किरहेको उल्लेख गर्दै पर्यटक आगमनको आँकडाले पर्यटन पुनरुत्थानको दिशातर्फ उन्मुख रहेको बताए । उनले सन् २०१९ मा आएका कूल पर्यटकको संख्यामा ६५ देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको बताए । महामारीका कारण सन् २०२१ मा १४ प्रतिशत र सन् २०२० मा १८ प्रतिशत मात्रै पुनरुत्थान भएको पर्यटन क्षेत्र आगामी दिनमा सकारात्मक हुने अपेक्षा गरिएको उनले उल्लेख गर्नुभयो ।

'हामी (पर्यटन क्षेत्र)लयमा फर्किरहेका छौं । यो वर्ष ७० प्रतिशत पुनरुत्थान हुने अपेक्षा गरिएको छ । नयाँ वर्षलगायत ठूलाठूला ' इभेन्ट'ले पर्यटन बढोत्तरीमा टेवा पुग्छ । सबै हिसाबले पर्यटन क्षेत्र सकारात्मक दिशातर्फ उन्मुख छ,' निर्देशक लामिछानेले भने । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि नयाँ वर्षसँगै सञ्चालनमा आउन लागेकाले मुलुकमा तीनवटा अन्तर्राष्ट्रियस्तरका विमानस्थल भएपछि विदेशी पर्यटक बढ्ने उनको भनाइ छ ।

स्वदेशी तथा विदेशी पर्यटकले भरिभराउ ठमेलमा नयाँ वर्षमा आयोजना हुने महोत्सवले छुट्टै रौनकता ल्याएको छ । पर्यटकीय नगरी पोखरा, चितवनको सौराहा, लुम्बिनीलगायत गन्तव्य पाहुनाले भरिभराउ छन् । पर्यटकीय नगरी चितवनको सौराहामा पनि आन्तरिक तथा बाहय पर्यटकको चहलपहल बढेको छ । क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष दीपक भट्टराईका अनुसार अघिल्लो वर्षजस्तो यो वर्ष बुकिङ राम्रो छैन । उनले भने, 'दसैं, तिहार, क्रिसमसलगायत पर्वलाई हेर्दा अघिल्लो वर्षजस्तो उत्साहजनक आगमन छैन तर पनि आशावादी छौं, राम्रै हुन्छ होला ।'

अध्यक्ष भट्टराईले कोभिड महामारीपूर्व विदेशी पर्यटकले भरिएर होटलमा कोठासमेत नपाउने अवस्था हुन्थ्यो तर अघिल्लो वर्ष करिब ८० प्रतिशत होटल बुकिङ रहेकामा यो पटक भने बुकिङ राम्रो नभएको बताए । कोभिडपूर्व सौराहामा स्वदेशी र बाहय गरी वार्षिक अढाई लाख पर्यटक पुग्ने गरेका थिए । यो वर्ष करिब ६५ हजार पुग्ने अनुमान गरिएको छ । सौराहामा १२० होटल छन् । दैनिक १० हजार ग्राहकलाई धान्ने क्षमता रहेको छ । *रासस*



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १६ गते, शनिबार

पुष शुक्ल द्वितीया पञ्चांग: व्याघात कौलव उत्तरषाढा

| | |
|---|---|
| **मेष** | आज नसोचेको ठाउँबाट धनागम हुनेछ । |
| **वृष** | साँझमा रमाइलो यात्रा पनि हुन सक्छ । |
| **मिथुन** | आज मनमा ठूलो उत्साह र उमंगको सिर्जना हुनेछ । |
| **कर्कट** | आज कलासाहित्य तथा संगीतमा रुचि बढ्नेछ । |
| **सिंह** | कुनै कुराले शान्ति छाउनेछ । |
| **कन्या** | आज नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । |
| **तुला** | दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| **वृश्चिक** | आज नयाँनयाँ व्यक्तिहरूसित सम्पर्क हुनाले भाग्य बढ्नेछ । |
| **धनु** | आज मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । |
| **मकर** | यात्रामा बिघ्नबाधा आइलाग्नेछ, खानामा गडबडी हुन सक्नेछ । |
| **कुम्भ** | विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । |
| **मीन** | सौन्दर्यतामा धन खर्च पनि हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक


पुस १६ गते, २०७९, ३१ डिसेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.३० | १३२.९० |
| युरो | १ को | १४०.०३ | १४०.६६ |
| पाउन्ड स्टर्लिङ | १ को | १६०.६५ | १६१.३७ |
| स्विस फ्रैन्क | १ को | १४१.६९ | १४२.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.४४ | ८८.८४ |
| क्यानाडियन डलर | १ को | ९६.५६ | ९६.९९ |
| सिंगापुर डलर | १ को | ९७.३५ | ९७.७९ |
| जापानी येन | १० को | ९.६८ | ९.७२ |
| चिनियाँ युआन | १ को | १८.९७ | १९.०६ |
| साउदी अरब रियाल | १ को | ३५.१८ | ३५.३४ |
| कतारी रियाल | १ को | ३६.०२ | ३६.१९ |
| थाई भाट | १ को | ३.८० | ३.८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.०२ | ३६.१८ |
| मलेसियन रिंगेट | १ को | २९.९० | ३०.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.१० | १०.१५ |
| स्विडिस क्रोनर | १ को | १२.७१ | १२.७६ |
| डेनिस क्रोनर | १ को | १८.८३ | १८.९१ |
| हङकङ डलर | १ को | १७.०० | १७.०७ |
| कुवेती दिनार | १ को | ४३१.५१ | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.९३ | ३५२.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# फेरियो दुर्गम बोबाङको मुहार

■ डम्मर बुढामगर



**ढोरपाटन–** पश्चिम बागलुङको बोबाङगाउँमा डेढ दशकअघिसम्म मोटरबाटो पुगेको थिएन । विद्युत्, खानेपानी, स्वास्थ्य र शिक्षाको पनि समस्या उस्तै थियो । यहाँका मानिस खाद्यान्न ढुवानीका लागि स्थानीय घोडा खच्चड प्रयोग गर्थे भने दैनिक उपभोग्य सामान जुटाउन बुर्तिबाङ बजारमा झर्नुपर्थ्यो । तर, अहिले बोबाङमा यो समस्या छैन । पशुपालन र खेतीपाती गरेर जीविकोपार्जन गर्दै आएका स्थानीयहरूको जीवनशैली पनि बदलिएको छ । विकासले विस्तारै गति लिँदै गएपछि विकासका पूर्वाधारहरू पनि थपिँदै गएका छन् ।

स्थानीय पनि शिक्षित बन्दै गएका छन् । यहाँका स्थानीयहरू घुम्ती बसाइँ गर्ने हुँदा बोबाङगाउँमा विकासले गति लिन सकेको थिएन । हिउँदमा बोबाङ र वर्षात्को समयमा ढोरपाटन बस्ने हुँदा यहाँ सडक सञ्जाल पनि ढिला पुगेको थियो । ढोरपाटन नगरपालिका ७, ८ र ९ मा पर्ने यो गाउँ हेर्दा बजारभन्दा कम छैन । बहुप्रतिक्षित ढोरपाटन सिकार आरक्षको ढोकाका रूपमा रहेको बोबाङ गाउँ राष्ट्रिय गौरवको योजना सालझण्डी-ढोरपाटन सडकले बीच भागबाटै चिररे गएपछि यस ठाउँमा विकासले गति लिन थालेको छ ।

यस सडकले त विकासको दैलो नै खोलिदिएको छ । सडक आएपछि गाउँमा धेरै परिवर्तन आएको स्थानीय बताउँछन् । यो सडक बोबाङलगायत सिंगो भुजीखोलेवासीका लागि वरदान साबित भएको छ । सडकले हजारौंको जीवन बदलिदिएको छ । गाउँमा सडक नपुग्दा घण्टौं लगाएर दैनिक उपभोग्य सामान किनबेच गर्ने स्थानीय अहिले घरघरमा दोकान सञ्चालन भएपछि दंग छन् । जीवनको अधिक समय गाडी नदेखाका, नचढेका वृद्धवृद्धाहरू घरै अगाडि गाडी गुड्दा चकित छन् । स्थानीय ८३ वर्षीया पुतली विकले आफ्नो जीवनकालमा पहिलोपटक २०६९ सालमा गाडी देखेको बताइन् ।

‘हाम्रो जस्तो दुर्गम गाउँमा गाडी आउला भन्ने त हामीले कल्पनासमेत गरेका थिएनौं, आए पनि हामी मेरेपछि मात्रै आउला भनेका थियौं, यति छिट्टै गाउँमा गाडी आयो, हाम घाँस दाउरा गरेर खाने मान्छेको गाउँमा गाडी चल्दा खुसी लाग्छ,’ विकले भनिन्, ‘पहिला हामीहरूले गाडी आउँदैन होला भनेर कल्पना गरेको कुरा गलत रै‘छ, हेर्नु त अहिले घरै अगाडि सरररर गाडी गुड्छन्, मेरो बूढा (श्रीमान्)ले गोरखपुर पुगेर गाडी देखेको कुरा गर्दा पनि रमाइलो लाग्थ्यो ।’

विकले पहिले गाउँमा गाडी नआउँदा खाद्यान्न किनमेलका लागि बुटवल, पाल्पा र पछिपछि बुर्तिबाङ पुग्ने गरेको स्मरण गर्दै अहिले गाउँमै दोकान पसलहरू खुलेको बताउँछिन् । अहिलेका नयाँ पुस्ताले पुरानो पेसा छोडेर नयाँ व्यवसायहरू गर्न थालेको उनको भनाइ छ । पहिले पशुपालन र खेतीपाती गरेर परिवार चलाएकामा अहिले व्यापार, व्यवसायसँगै विदेश गरेर कमाउन थालेको विक बताउँछिन् ।

‘पहिले गाउँमा चामल आउँदैनथ्यो, भात खान दसैं नै आउनुपर्थ्यो । अहिलेको मुख्य खान्की भात हो । चामल ल्याउन, सहर बजार जानु पर्थ्यो, दुई साता लाग्थ्यो । अहिले त घरघरमा दोकान छन्, चामलको अभाव छैन,’ उनले भनिन्, ‘गाउँमा पहिलेको जस्तो खेतीपाती र गाईभैंसी पाल्न छोडे, अहिले त पसल खोल्न, सामान बेच्ने, कोही विदेश जाने गर्छन्, दुःख कम छ अहिले त ।’

स्थानीय नरबहादुर पुनले नुन चामल बुटवलबाट बोकेर उपभोग गरेको अनुभव सुनाउँदै अहिले घरमै नुन तेललगायत चाहिने सामान आएको बताए । उनले त्यस बेलामा आफूहरूले निकै दुःख भोगेको स्मरण गर्दै अबका पुस्ताले त्यो समस्या भोग्न नपर्ने बताए । ‘आजभन्दा ४० वर्षपहिले ११ दिन लगाएर बटौलीबाट नुन, तेल बोकेर खान्थ्यौं, अहिलेको जस्तो घरघरमा आउने थिएन, बाटोमा बास बस्दै जानुपर्थ्यो, बास बस्दै आउनुपर्थ्यो धेरै दुःख थियो हजुर ऊ बेला, अहिले त जहाँ भन्यो त्यहीँ, जे भन्यो त्यहीँ पाइन्छ,’ पुनले भने, ‘सुविस्ता (सुविधा) भएको छ अहिले, हाम्रा छोरानातिलाई धेरै दुःख गर्नु पर्दैन, यो सुविस्ता म बुढोले पनि लिन पाएँ, निकै खुसी लागेछ, अझै परिवर्तन भइरहेको छ ।’

उनले पैदल हिँडेर नौ दिनमा बुटवल पुगेको भन्दै बाटोमा खाने खर्च बोकेर जाने गरेकोसमेत सुनाए । पहिले नौ दिन लगाएर जाने बुटवल अहिले एकै दिनमा पुग्न सकिने पुन बताउँछन् । उनी भन्छन्, ‘नुन ल्याउन जाँदा खर्चपर्च बोकेर जानुपर्थ्यो, बाटोमा बास बस्दै जान्थ्यौं, पानी झरी गर्दा निकै कष्ट हुने गर्थ्यो, अहिले सबैथोक घरमै आउँछ, हामी नौ/नौ दिन लगाएर जाने बटौलीमा अहिले त एकै दिनमा पुगिन्छ, उस्तै परे बिहान गएर बेलुकी खाना खान घरै आइन्छ, हेर्नु त कति परिवर्तन भयो अहिले ? अहिले यस्तो विकास देख्दा अचम्म लाग्छ ।’

स्थानीय प्रेमबहादुर पुन मगरले मोटरबाटोले यस क्षेत्रको मुहार फेरिदिएको बताए । उनले मोटरबाटो गाउँमा आएपछि धेरैलाई शिक्षित र सभ्य बनाएको भन्दै विकासका अन्य ढोकाहरू पनि खुला गरेको बताए । भर्खर-भर्खर विकासका कामहरूले गति लिन थालेको भन्दै पहिलेको जस्तो यहाँका नागरिकहरू पढ्नबाट वञ्चित र स्वास्थ्य उपचारबाट टाढा हुन नपरेको उनी बताउँछन् ।

‘आजभन्दा १० वर्षपहिले यो ठाउँ निकै पिछडिएको थियो, धेरै नागरिक अशिक्षित थिए, यहाँ सामाजिक विकृति विसंगतिका धेरै घटना हुने गर्थे र बाहिरबाट कोही नयाँ मान्छे आयो भने बस्ने वातावरण पनि थिएन । तर अहिले धेरै परिवर्तन भएको छ,’ उनी भन्छन्, ‘अहिले सबै तिर विकास हुँदै छ, बालबालिकाहरू पनि विद्यालय जान थालेका छन्, बिरामी पर्दा धामी झाँक्री गर्ने प्रचलन त छ तर अहिले सडकले गर्दा सरर बुर्तिबाङ अस्पतालमा पुगिहाल्छन्, उपचारका लागि पनि समस्या छैन ।’

उनले सडक सञ्जालले गाउँदेखि ढोरपाटन जोडिएपछि व्यापार व्यवसाय गर्नेहरूसमेत बढिरहेको बताए । उनले पहिले सामान लिन बुर्तिबाङ पुग्ने बाध्यता रहेको भन्दै अहिले त्यो समस्या हटेको बताए । उनी भन्छन्, ‘पहिला त यहाँ पसलहरू पनि खासै थिएन, केही सामान चाहिएर किन्नु परेमा बुर्तिबाङ नै पुग्नुपर्ने बाध्यता थियो, तर अहिले त घरघरमै पसल छन्, सबै सामान गाउँमै किन्न सकिन्छ, पहिला घोडा खच्चडमा र भरिया लगाएर सामान लिने गर्थे, अहिले त्यो प्रचलन पनि हटचो घोडा खच्चडको प्रयोग पनि कम हुन्छ ।’

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले २०६६ सालमा बोबाङ गाउँ सडकले जोडिएको भन्दै त्यसयता विस्तारै विकास हुँदै आएको बताए । अहिले यस क्षेत्रको विकासलाई मुख्य प्राथमिकतामा राखेको उनी बताउँछन् । उनले भौतिक पूर्वाधारसँगै स्थानीयको जीवनस्तर उकास्नका लागि विभिन्न कार्यक्रमहरूसमेत ल्याएको बताए ।

उपप्रमुख कायत भन्छन्, ‘बोबाङ क्षेत्र पहिलेदेखि नै पिछडिएका ठाउँ हो, पहिले राज्यको नजर पुग्न सकेको थिएन, अहिले धेरै परिवर्तन आएको छ, विकासमा सडक मुख्य रहेछ, सडक पुगेपछि स्थानीयको जनचेतना पनि वृद्धि भयो, स्वास्थ्य, शिक्षालगायत विकासका पूर्वाधारले पनि यो ठाउँ जोडिँदै गएको छ, हामीहरूले अब गुणस्तरीय शिक्षा र स्वास्थ्य उपचारलाई ध्यान दिएका छौं ।’ *रासस*

## ‘नो रेमिटचान्स’ अभियान...

पृष्ठ १ बाट जारी

उक्त प्रणाली कार्यान्वयनमा ल्याउँदा मुलुकको अर्थतन्त्रको आधारका रूपमा रहेको विप्रेषण (रेमिटचान्स) आप्रवाहमा नै समस्या आउने देखिएको थियो । सामाजिक सञ्जालमा चलाइएको ‘नो रेमिटचान्स’ अभियान तथा विदेशमा रहेका नेपालीले संस्थागतरूपमा नै सरकारको निर्णयप्रति विरोध जनाएका थिए ।

प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले अब पूर्ववत् अवस्था नै कायम रहेको जानकारी दिए । ‘प्रधानमन्त्रज्यूले नै तत्काल एमडिएमएस लागू नगर्न निर्देशन दिनुभयो, उहाँको निर्देशनपछि आज (शुक्रबार)देखि हामीले एमडिएमएस स्थगन गऱ्यौं,’ उनले भने, ‘अब थप निर्देशन आएपछि प्रक्रिया अगाडि बढाउँछौं ।’

विदेशबाट एक थान मोबाइल ल्याउँदा सरकारले १८ प्रतिशतसम्म कर लिन लागेको भन्दै वैदेशिक रोजगारीमा रहेका नेपालीले चर्को विरोध गरेका थिए । सर्वत्र विरोध भएपछि तत्काल एमडिएमएस स्थगित गरेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले पनि पुरानै नियम लागू गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले सरकारको निर्देशनपछि विदेशबाट ल्याइएको मोबाइल फोन भन्सार बिन्दुमा नै प्रज्ञापनपत्र लिनुपर्ने व्यवस्था लागू नहुने स्पष्ट पारेको छ ।

विमानस्थल भन्सार कार्यालयका प्रमुख अरुण पोखरेलले भन्सारमा पुरानै नियम लागू भएको जानकारी दिए । ‘हाम्रो तयारीअनुसार आजदेखि विदेशबाट आउनेले चलाएको फोनको स्वघोषणा गरी निःशुल्क प्रज्ञापनपत्र लिने र दोस्रो मोबाइलको भन्सार शुल्क तिरेर मात्रै प्रज्ञापनपत्र लिने व्यवस्था कार्यान्वयन गर्ने थियो, तर सरकारको निर्देशन आएपछि पुरानै नियम लागू गरिसकेका छौं,’ उनले शुक्रबार भने ।

वैदेशिक रोजगार विभागका अनुसार ६० लाख बढी नेपालीले श्रम स्वीकृति लिएर विदेसिएका छन् । उनीहरूले पठाउने विप्रेषणका आधारमा मुलुकको अर्थतन्त्र चलायमान भइरहेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको चार महिनामा कूल तीन खर्ब ७८ अर्ब चार करोड रूपैयाँ बराबरको रेमिटचान्स भित्रिएको छ । उक्त अवधिमा एक लाख ९५ हजार १९६ जना नेपालीले श्रम स्वीकृति लिएका छन् । कूल ग्रार्हस्थ उत्पादनको तुलनामा सबैभन्दा धेरै विप्रेषण भित्र्याउने देशको सूचीमा नेपाल शीर्ष स्थानमा छ । यस्तो अवस्थामा सरकारी निकायले विनाअध्ययन सानो निर्णय गर्दा पनि त्यसबाट ठूलो प्रभाव पर्ने सरोकारवालाहरू बताउँछन् ।


**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/१६**

यस कम्पनीको मिति २०७८/१२/१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **ह्याप्पी वर्ल्ड ट्राभल प्रा.लि.** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **बुद्ध ट्राभल एंड ह्याप्पी वर्ल्ड टुर्स प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/१२/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बुद्ध ट्राभल एंड ह्याप्पी वर्ल्ड टुर्स प्रा.लि. (प्रा.लि.नं.२३३६६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MUNIRA ALHARBI ATELIER FOR WOMEN

पूर्व स्वीकृति मिति : २०७९/०९/१४ | LT. No. 278477 | चलानी नं.६०१९४१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 1 | 0 | 85 | ३६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Embroidery | 5 | 0 | 130 | ५६,१९५ | | | | | | | |
| 3 | Master Cutter | 2 | 0 | 130 | ५६,१९५ | | | | | | | |
| 4 | Tailor | 5 | 0 | 130 | ५६,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २३ गते (7th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : BERKELEY SERVICES U.A.E(LLC)

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१५ | LT. No. 276509 | चलानी नं. ६०१९२०९५

